त्रिभुवन विश्वविद्यालय
Tribhuvan University

# त्रि–चन्द्र बहुमुखी क्याम्पस
# Tri-Chandra Multiple Campus

स्थापित : १९७५ वि.स. / Estd. 1918 A.D.

Ph. No. +977-014244047

क्याम्पस प्रमुखको कार्यालय
Office of the Campus Chief

सरस्वती सदन, घण्टाघर, काठमाडौं, नेपाल
Saraswati Sadan, Ghantaghar, Kathmandu, Nepal

पत्र संख्या / Ref. No.:- ......................

मिति : २०८२।१०।०२

## त्रिभुवन विश्वविद्यालय उपकुलपति कप राष्ट्रिय खेलकुद प्रतियोगिता सम्बन्धी सूचना ।

उपरोक्त सम्वन्धमा मिति २०८२ साल माघ १४ गतेदेखि काठमाडौंमा त्रि.वि.का आङ्गिक क्याम्पसहरू बीच आयोजना हुन गइरहेको विश्वविद्यालय स्तरीय राष्ट्रिय खेलकुद प्रतियोगितामा, यस क्याम्पसबाट निम्न उल्लेखित खेलमा खेलाडीहरू छनोट गरी सहभागिताका लागि तयार गर्नुपर्ने भएकाले, उल्लेखित खेल इभेन्टहरुमा भाग लिन इच्छुक विद्यार्थीहरुले यही माघ ०६ गते भित्र संलग्न फारमभरि तल दिइएको सम्पर्कमा आफ्नो नाम सूचीकृत गराउन जानकारी गराइन्छ ।

फारमसँगै नागरिकताको प्रमाणपत्र, क्याम्पसको भर्ना रसिद, र परिचय पत्रको प्रतिलिपि अनिवार्य संलग्न गर्न सूचित गरिन्छ ।

**प्रतियोगितामा हुने खेल इभेन्टहरू र छनौट हुने खेलाडी संख्या**

| | | |
|---|---|---|
| क) | भलिबल पुरुष | १० जना |
| ख) | भलिबल महिला | १० जना |
| ग) | ब्याडमिन्टन महिला/पुरुष (सिङ्गल/डवल) | २/२ जना |
| घ) | टेबल टेनिस महिला/पुरुष (सिङ्गल/डवल) | २/२ जना |
| ङ) | एथलेटिक्स महिला/पुरुष | ४/४ जना |
| च) | वास्केटवल महिला/पुरुष | ६/६ जना |

**एथलेटिक्स अन्तर्गत**

क) दूर्याकतर्फ : १०० मिटर दौड, २०० मिटर दौड, ४०० मिटर दौड, र ८०० मिटर दौड ।

ख) फिल्डतर्फ : लङ्गजम्प, सटपुट (छेलो) पुरुष/महिला

सम्पर्क : champak.silwal@trc.tu.edu.np , 9849160335

Silwal 082/10/02

डा. चम्पक वावु सिलवाल
सहायक क्याम्पस प्रमुख

सहायक क्याम्पस प्रमुख
त्रि-चन्द्र बहुमुखी क्याम्पस

अनुसूची - १

# त्रिभुवन विश्वविद्यालय, शिक्षाध्यक्षको कार्यालय, विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय
## उपकुलपति कप राष्ट्रिय खेलकुद प्रतियोगिता - २०८२

**दर्ता नं.:** ............**दर्ता मिति:** ......................................

फोटो

**खेलाडिको नाम:**.........................................................................................

**सेमेष्टर/वर्ष:**....................**रोल नं.:**..................**त्रिवि रजिष्ट्रेशन नं.**.....................

**क्याम्पसको नाम:**.........................................................................................

**खेलको नाम:**.............................**ईभेन्ट:**...................................

**खेल शुरु गरेको मिति:**.................................

**प्रशिक्षकको नाम:**.......................................

**हालसम्म सहभागी प्रतियोगिताहरुको नाम:**............................................................................

**महिला/पुरुष:**.............. **उचाई:**...............**तौल:**....................

**जन्म मिति:**................................

**नागरिकता नं.:**............................

**स्थाई ठेगाना:** महा/उपमहा/नगर/गाउँपालिका......................... वडा नं.:............

जिल्ला:....................प्रदेश:..................

फोन नं.:............................मोबाईल नं.:...................

**बाबु आमाको नाम:** १)..................................................२).......................................................

माथि लेखिएका सम्पुर्ण व्यहोरा ठिक साँचो हो । झुठा ठहरिएमा नियम कानून बमोजिम सहुँला बुझाउँला ।

**प्रमाणित गर्ने सम्बन्धित क्याम्पसको अधिकारीको**

नाम, थर:
पद:
हस्ताक्षर:
मिति:
मोबाईल नं.:
मिति:

**खेलाडिको हस्ताक्षर:**

मिति:

क्याम्पसको छाप:

**संलग्न कागजातहरु:**

१. विद्यार्थी परिचय पत्रको प्रतिलिपि/ त्रिवि रजिष्ट्रेशा पत्रको प्रतिलिपि
२. नागरिकताको स्वं प्रमाणित प्रतिलिपि
३. क्याम्पसको सिफारिस पत्र

# त्रिभुवन विश्वविद्यालय
## विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालय
## उपकुलपति कप राष्ट्रिय खेलकुद प्रतियोगिता-२०८२

१. त्रिभुवन विश्वविद्यालय उपकुलपति कप राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागिताकालागि दिइने सम्पुर्ण सुविधा प्रतियोगितामा सहभागि हुने क्याम्पसले **"त्रिभुवन विश्वविद्यालय खेलाडी सेवा सुविधा तथा खर्च व्यवस्थापन सम्बन्धि निर्देशिका २०७९"** अनुसार गर्नु पर्नेछ ।

२. **प्रतियोगिता सम्बन्धि नियम तथा व्यवस्था**

(क) प्रतियोगितामा सहभागि हुने क्याम्पसले खेलाडी छनौट गरि अनुसूची १ बमोजिम फारम भरी सम्बन्धित क्याम्पसको सिफारिस साथ तोकिएको मिति र समय भित्र निर्देशानलयमा दर्ता गराउनु पर्नेछ ।

(ख) प्रतियोगितामा संलग्न खेलका ईभेन्टहरु र खेलाडी संख्या :

| | | |
|---|---|---|
| (१) भलिबल पुरुष | खेलाडी सख्या १० जना | प्रशिक्षक १ जना |
| (२) भलिवल महिला | खेलाडी सख्या १० जना | प्रशिक्षक १ जना |
| (३) ब्याडमिन्टन महिला/पुरुष (सिंगल डवल) | खेलाडी सख्या २/२ जना | प्रशिक्षक १ जना |
| (४) टेबल टेनिस महिला/पुरुष (सिंगल डवल) | खेलाडी सख्या २/२ जना | प्रशिक्षक १ जना |
| (५) एथलेटिक्स महिला/पुरुष | खेलाडी सख्या ४/४ जना | प्रशिक्षक १ जना |
| (६) बास्केटवल महिला/पुरुष (३X३) | खेलाडी सख्या ५/५ जना | प्रशिक्षक १ जना |
| (७) टोलि नेता (टिम मेनेजर) १ जना | | |

**एथलेटिक्स अन्तर्गत**

- ट्र्याकतर्फः १०० मि दौड, २०० मि दौड,४०० मि दौड र ८०० मि दौड ।
- फिल्ड तर्फः लङ्गजम्प, सटपुट (छेलो) पुरुष/महिला ।

३. प्रत्येक खेलमा १ जना प्रशिक्षक मात्र पठाउन सकिनेछ र सम्पुर्ण टोलीको १ जना टोली नेता पठाउनु पर्नेछ ।

४. सम्पुर्ण खेलहरु सम्बन्धित खेलको अन्तराष्ट्रिय नियमानुसार खेलाईने छ । खेलकुदको मर्म र आदर्श प्रतिकुल हुनेगरी खेलाडीहरुले कुनै अनियमित क्रियाकलाप गरेमा नियमानुसार दण्ड/सजाय र कार्वाही गरिनेछ ।

५. खेलाडीहरु क्याम्पसमा नियमित अध्ययनरत हुनु पर्नेछ । अन्तिम सेमेस्टर वा अन्तिम बर्षको सैद्धान्तिक परीक्षा दिईसकेको विद्यार्थी सहभागिहुन पाउने छैन ।

६. खेलाडीको जन्ममिति खुलेको स्व.प्रमाणित नागरिकताको प्रतिलिपि अनिवार्य खेलाडी दर्ता फारम संगै समावेश गर्नु पर्नेछ । प्रतियोगितामा सहभागि हुने समयमा सक्कलै क्याम्पस परिचय पत्र बुझाउनु पर्नेछ ।

७. राष्ट्रिय खेलकुद परिषदले आयोजना गर्ने विश्वविद्यालय स्तरिय राष्ट्रिय खेलकुद प्रतियोगितामा २८ बर्ष भन्दा कम उमेरका खेलाडीलाई मात्र समाबेस गराईने छ ।

प्रतियोगिता आयोजक समिति